लोक सेवा आयोग
कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौथो, लेखपाल पदको
खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७९/०१/०९

KEY [B]
पत्र : प्रथम
समय : २ घण्टा ३० मिनेट
विषय : सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग सम्बन्धी

पूर्णाङ्क : १००

उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन । प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड 'क': बस्तुगत

२५×१ = २५

1. देहायका मध्ये नेपाल राष्ट्र बैंकले गर्ने कार्य कुन होइन ?
   A. मौद्रिक नीति तर्जुमा गर्ने
   B. नोट निष्काशन गर्ने
   C. विनिमय दर निर्धारण गर्ने
   D. सर्वसाधारणबाट निक्षेप स्वीकार गर्ने
2. व्यवस्थापकका तीन अन्तर्वैयक्तिक भूमिका के के हुन् ?
   A. मन्त्रिपरिषद्
   B. अर्थ मन्त्रालय
   C. राष्ट्रिय योजना आयोग
   D. नेपाल राष्ट्र बैंक
3. आ.व. २०७८/७९ को बजेटमा प्रत्यक्ष लाभ पुऱ्याउने लैंगिक उत्तरदायी बजेट कति प्रतिशत रहेको छ ?
   A. ३३ B. ३९.४९ C. ४० D. ४४.०५
4. सन् २०२१ को PEN PINTER PRIZE बाट कसलाई सम्मानित गरिएको छ ?
   A. Linton Kwesi Johnson
   B. Lemn Sissay
   C. Tsitsi Dangarembga
   D. Michael Longley
5. नेपालमा पहिलो पटक विना अप्रेशन मुटुको भल्भको सफल प्रत्यारोपण गर्ने स्वास्थ्य संस्था कुन हो ?
   A. शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र
   B. नर्भिक अस्पताल
   C. मेडिसिटी अन्तर्राष्ट्रिय अस्पताल
   D. मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर
6. सामाजिक सुरक्षा र गरिबी निवारणको विषय नेपालको संविधान बमोजिम कुन अधिकार सूचीमा पर्दछ ?
   A. प्रदेशको अधिकार सूची
   B. स्थानीय तहको अधिकार सूची
   C. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची
   D. माथिका कुनै पनि होइनन्
7. नेपालको राष्ट्रपति हुन कम्तीमा कति वर्ष उमेर पूरा भएको हुनुपर्दछ ?
   A. ४० B. ४५ C. ५० D. ६०
8. नेपालको संविधानमा कति वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ ?
   A. २५ B. ३१ C. ३५ D. ४६
9. नेपाली राष्ट्रिय फुटबल टोलीका हालका क्याप्टेन को हुन् ?
   A. अनन्त तामाङ B. रोहित चन्द्र C. किरण चेमजोङ D. अभिषेक रिजाल
10. गरिबीको रेखामुनी रहेको औषत जनसंख्या गरिबीको रेखाभन्दा कति टाढा छ भनी हेर्ने Index कुन हो ?
   A. गरिबीको गहनता
   B. गिनी गुणांक
   C. गरिबीको विषमता
   D. सापेक्ष गरिबी

CamScanner

11. राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदनबमोजिम सबैभन्दा बढीदेखि कम जनसंख्या हुने जिल्लाहरुको सही क्रम कुन हो ?

A. काठमाडौं, सुनसरी, मोरङ, रुपन्देही, झापा
B. काठमाडौं, मोरङ, रुपन्देही, झापा, सुनसरी
C. काठमाडौं, रुपन्देही, मोरङ, झापा, सुनसरी
D. काठमाडौं, झापा, मोरङ, सुनसरी, रुपन्देही,

12 महाभारतका पात्र अर्जुनको धनुलाई के भनिन्छ ?

A. देवदत्त
B. गाण्डीव
C. विजय
D. पाञ्चजन्य

13. चालु पन्ध्रौं योजनाअनुसार वि.सं. २०८७ सम्ममा नेपालीको प्रतिव्यक्ति आय कति पुर्‍याउने लक्ष्य राखिएको छ ?

A. २,९०० अमेरिकी डलर
B. ३,००० अमेरिकी डलर
C. ५,००० अमेरिकी डलर
D. १२,१०० अमेरिकी डलर

14. टुंडाल लाई मुख्यतया कुन शैलीको महत्वपूर्ण विशेषता मानिन्छ ?

A. गजुर शैली
B. प्यागोडा शैली
C. शिखर शैली
D. माथिका कुनै पनि होइनन्

15. नेपाली भाषाको उन्नयनको लागि झर्रोवादी आन्दोलनको अगुवाइ गर्ने साहित्यकारहरुमा तलका मध्येको पर्दछन् ?

A. धुस्वाँ सायमी
B. केदारमान व्यथित
C. पूर्णप्राद ब्राह्मण
D. बालकृष्ण पोखरेल

16. नेपालका ८,००० मिटरभन्दा अग्ला हिमालहरुको उचाईको आधारमा बढीदेखि घटी उचाईको सही क्रम कुन हो ?

A. मकालु, चोयु, धवलागिरी, मनास्लु, अन्नपूर्ण
B. मकालु, धवलागिरी, चोयु, मनास्लु, अन्नपूर्ण
C. चोयु, मकालु, मनास्लु, धवलागिरी, अन्नपूर्ण
D. धवलागिरी, मकालु, चोयु, अन्नपूर्ण, मनास्लु

17. नेपालमा बनेको पहिलो नेपाली चलचित्र कुन हो ?

A. कुमारी
B. आमा
C. माइतीघर
D. सत्य हरिश्चन्द्र

18. जोडा मिलाउनुहोस् ।

| समूह I | समूह II |
|---|---|
| क. पाल्पा | १. तातोपानी कुण्ड |
| ख. दैलेख | २. रानीमहल |
| ग. म्याग्दी | ३. कपिण्डेदह |
| घ. सल्यान | ४. नाभिस्थान |

A. क-२, ख-४, ग-१, घ-३
B. क-४, ख-२, ग-१, घ-३
C. क-२, ख-१, ग-४, घ-३
D. क-३, ख-१, ग-२, घ-४

19. नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिकाअनुसार इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारीको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कूल तलब भत्ता खर्चको न्यूनतम कति प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ ?

A. १ प्रतिशत
B. ३ प्रतिशत
C. ५ प्रतिशत
D. १० प्रतिशत

20. कुनै बैंक वा वित्तीय संस्थाको कति प्रतिशतभन्दा बढी संस्थापक शेयर धारण गरेका शेयर धनीले अन्य बैंक वा वित्तीय संस्थाको संस्थापक शेयर खरिद/विक्रि गर्नुपूर्व नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्दछ ?

A. १
B. २
C. ३
D. ५

21. बैंक तथा वित्तीय संस्थाको लागि नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिकामा Capital Adequacy Framework 2015 बमोजि न्यूनतम् प्राथमिक पूँजीकोष कायम गर्नुपर्ने, व्यवस्था कुन वर्गको बैंक तथा वित्तीय संस्थाको लागि गरिएको छ ?

A. 'क' वर्ग
B. 'क' र 'ख' वर्ग
C. 'क', 'ख' र 'ग' वर्ग
D. 'क', 'ख', 'ग' र 'घ' वर्ग

22. नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०७८ अनुसार 'क' वर्गका बैंकहरुलाई तोकिदिएको कर्जा निक्षेप अनुपात (CD Ratio) तोकिएभन्दा बढी भएमा कहिलेसम्ममा त्यस्तो अनुपात सीमाभित्र ल्याई सक्नुपर्ने व्यवस्था गरेको छ ?

A. २०७८ चैत्र
B. २०७९ वैशाख
C. २०७९ जेठ
D. २०७९

CamScanner

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) ऐन, २०६४ बमोजिम गैरवित्तीय पेशाकर्मी वा व्यवसायी भन्नाले तलकामध्ये कुनलाई बुझाउँछ ?

A. घरजग्गा बिक्री वा खरिद व्यवसायी
B. क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी
C. तोकिएको बहुमूल्य धातु वा वस्तुको कारोबार गर्ने व्यवसायी
D. माथिका सबै

बैंकिङ्ग कसूरको अनुसन्धान तथा तहकिकातसम्बन्धी काम कारवाहीमा कसैले बाधा विरोध गरेमा के सजायँ हुने व्यवस्था तोकेको छ ?

A. ६ महिनासम्म कैद वा ५ हजारसम्म जरिवाना वा दुवै
B. ६ महिनासम्म कैद र ५ हजारसम्म जरिवाना
C. ५० हजारसम्म जरिवाना
D. मुद्दा हेर्ने अधिकारीले तोकेबमोजिमको जरिवाना

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार बैंक वा वित्तीय संस्थाले आफ्नो कूल जारी पूँजीको कति प्रतिशत शेयर सर्वसाधरणलाई विक्रि गर्नको लागि छुट्याउनु पर्छ ?

A. २० B. ३० C. ४० D. ४९

## खण्ड 'ख': विषयगत

**५० अङ्क**

बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट योगदान गर्ने क्षेत्रहरुबारे लेख्नुहोस् ।

दोहोरो लेखा प्रणालीका विशेषताहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।

बैंक तथा वित्तीय संस्थाले संकलन गर्ने निक्षेपको बारेमा उल्लेख गर्नुहोस् ।

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनबमोजिम कुन कुन क्षेत्रमा वाणिज्य बैंकहरुले न्यूनतम् कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ ? त्यस्तो व्यवस्था किन गरिएको होला ? प्रष्ट पार्नुहोस् ।

नेपाल राष्ट्र बैंकका मुख्य-मुख्य कार्यहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।

नेपालको वैदेशिक व्यापार घाटा उच्च हुनुका काररणहरु उल्लेख गर्दै व्यापार घाटा कम गर्ने उपायहरु के के हुन सक्दछन् । सुझावसहित वर्णन गर्नुहोस् ।

वित्तीय विवरण भन्नाले के बुझिन्छ ? बैंक तथा वित्तीय संस्थामा तयार गरिने प्रमुख वित्तीय विवरणहरुबारे संक्षेपमा उल्लेख गर्नुहोस् ।

बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने कर्जाबारे सविस्तार उल्लेख गर्नुहोस् ।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाले प्रवाह गरेको कर्जा/सापटको साँवा र व्याज भुक्तानी हुनुपर्ने भाखा नाघेको अवधिका आधारमा कर्जा/सापटलाई वर्गीकरण कसरी गरिएको छ ? उल्लेख गर्दै सकृय कर्जाको बारेमा वर्णन गर्नुहोस् ।

नेपालको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाको भूमिकाबारे चर्चा गर्नुहोस् ।

CamScanner

# लोक सेवा आयोग
## कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौंथो, लेखापाल पदको
## खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७९/०१/१०

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट | पूर्णाङ्क : १००
विषय : सेवा सम्बन्धी

*उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ ।*

### खण्ड "क" — ५० अङ्क

१. नेपाल क्रिकेट संघको आयोजनामा काठमाडौंमा हुन लागेको राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगितामा कृषि विकास बैंक लिमिटेडलाई मुख्य प्रयोजन गर्न अनुरोध भई आएको विषयमा प्रमुख कार्यकारी अधिकृत समक्ष स्वीकृतिका लागि टिप्पणीको मस्यौदा तयार गर्नुहोस् । ५

२. विवेक शर्माले रु ५०,००० ।- ३ वर्ष ५ महिनाको लागि वार्षिक ११५ प्रतिशत साधारण व्याजदरमा बैंकमा राख्दा उक्त अवधि समाप्त भएपछि जम्मा कति रकम बैंकले भुक्तानी गर्नु पर्दछ ? ५

३. एक कार्यालयले अर्को कार्यालयलाई इमेल (Email) पठाउँदा शुरुदेखि अन्तिमसम्म अपनाउनुपर्ने चरण (Step) हरु सिलसिलेवार रुपमा लेख्नुहोस् । ५

४. कृषि विकास बैंक लिमिटेडले के कस्ता बैंकिङ्ग सेवाहरु उपलब्ध गराइरहेको छ ? उल्लेख गर्नुहोस् । ५

५. उत्प्रेरणा भन्नाले के बुझ्नुहुन्छ ? उत्प्रेरणाका विभिन्न सिद्धान्तहरुमध्ये तपाइलाई मनपर्ने सिद्धान्त कुन हो ? कारणसहित उल्लेख गर्नुहोस् । ३+७=१०

६. फाइलिङ्ग र अनुक्रमणिकाका बारेमा लेख्नुहोस् । अनुक्रमणिकामा हुनुपर्ने आवश्यक गुणहरुबारे वर्णन गर्नुहोस् । २.५+२.५=१०

७. Core Banking System (CBS) भन्नाले के बुझिन्छ ? यसको महत्व दर्शाउँदै Core Banking System (CBS) का सम्भावित जोखिमहरुका बारेमा लेख्नुहोस् । २+३+५=१०

### खण्ड "ख" — ५० अङ्क

८. कृषि विकास बैंक लिमिटेडको संगठनात्मक संरचनाका बारेमा लेख्नुहोस् । ५

९. विप्रेषण सेवाको परिचय दिँदै यसबाट बैंक र ग्राहकलाई हुने फाइदा उल्लेख गर्नुहोस् । ५

१०. बैंक तथा वित्तीय संस्थामा हुने सञ्चालन जोखिमबारे छोटकरीमा चर्चा गर्दै बढ्दो विद्युतीय बैंकिङ कारोवारमा सञ्चालन जोखिम न्यूनीकरणका उपायहरु लेख्नुहोस् । २+३=५

११. बैंकको अन्तरशाखा तथा अन्तरबैंक कारोवारबारे उल्लेख गर्दै बैंकमा हिसाब भिडानको महत्वबारे लेख्नुहोस् । ३+२=५

२. नगद कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरु र सम्भावित जोखिमबारे प्रष्ट पार्नुहोस् । ५+५=१०

३. विभिन्न प्रकारका निक्षेपका बारेमा लेख्दै तिनीहरुको व्याजदर फरक फरक हुनका कारणहरु के के हुन् ? उल्लेख गर्नुहोस् । ५+५=१०

४. नेपालको आर्थिक क्षेत्रको विकासमा कृषि क्षेत्रको महत्व दर्शाउनुहोस् । कृषि विकास बैंक लिमिटेडको कृषि क्षेत्रको विकासमा पुर्‍याएको योगदानको चर्चा गर्दै आगामी दिनमा बैंकले गर्नुपर्ने कार्यहरुबारे सुझाव दिनुहोस् ।

CamScanner

**लोक सेवा आयोग**
**कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौंथो, लेखापाल पदको**
**खुला प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७६/१०/०४**

त्र : प्रथम
य : १ घण्टा ३५ मिनेट | पूर्णाङ्क : १००
षय : सामान्य ज्ञान, कानून तथा आर्थिक सम्बन्धी

*उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन ।*

## खण्ड 'क': बस्तुगत

२५×२ = ५०

1. **तलका मध्ये कुनचाहिँ चालु पूँजी कर्जा अन्तर्गत वर्गीकृत छैन ?**
   A. Cash Credit  B. Hypothecation  C. Trust Receipt  D. Auto Loan
   Which amount the following is not classified uner working capital loan ?
   A. Cash Credit  B. Hypothecation  C. Trust Receipt  D. Auto Loan

2. **कर्जा/सापटको वर्गीकरण सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ३-६ महिनासम्म भाखा नाघेका कर्जालाई कुन वर्गमा राखिन्छ ?**
   A. फरफर्मिङ्घ लोन  B. सव-स्याण्र्ड
   C. डाउटफूल  D. माथिको कुनै होइन
   In relation to category of loan/advance, in which category is loan having 3 upto6 moths beyond maturity period categorised as per Nepal Rastra Bank Directives.
   A. Performing Loan  B. Sub-Standard
   C. Deubtful  D. None of the above

3. **कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली २०६२ अनुसार बैंकको पदपूर्ति समितिमा देहायका मध्ये कुन प्रतिनिधि समावेश हुँदैन ?**
   A. नेपाल राष्ट्र बैंकका गर्भनरले तोकेको प्रतिनिधि  B. उपमहाप्रबन्धक
   C. लोक सेवा आयोगको प्रतिनिधि  D. जनशक्ति व्यवस्थापन विभागका प्रमुख
   According to Agriculture Development Bank Limited Employee Service Bylaws, 2062 Who amonigst the following representatives is not included in Bank's Recruitment Committe ?
   A. Assigned Representative by the Governor of Nepal Rastra Bank
   B. Deputy General Manager
   C. Representative of Public Service Commission
   D. Chief of Human Resource Management Department

4. **बैंकिङ्ग क्षेत्रमा बढी ब्याज कमाउने मुद्रालाई ........ भनिन्छ ।**
   A. Hot Money  B. Hot Currency
   C. A र B दुवै  D. माथिको कुनै होइन
   In Baning secor, the high interest earning money is knowns as .........?
   A. Hot Money  B. Hot Currency
   C. Both A and B  D. None of the above

5. **AML को पूरारुप के हो ?**
   A. Asset Money Laudering  B. Additional Money Lending
   C. Anti-Money Laudering  D. Assets Money Loading
   What is the full form of AML ?
   A. Asset Money Laudering  B. Additional Money Lending
   C. Anti-Money Laudering  D. Assets Money Loading

CamScanner

6. CFT को पूरारुप ........... हो ?

A. Combation of Financiang of Terrosism •
B. Combating Financial Terrorism
C. Control on Financing of Terrorism
D. None of the above

The full form of CFT is ..........

A. Combation of Financiang of Terrosism
B. Combating Financial Terrorism
C. Control on Financing of Terrorism
D. None of the above

7. "क" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले जोखिम भारित सम्पत्तिको कति प्रतिशत पूँजीकोष न्यूनतम कायम गर्नुपर्दछ ?

A. ४५%   B. ५५%   C. १०%   D. ११%

What percentage of the risk weighted assets should be maintained as capital fund by a "Ka" Category bank and financial institutions ?

A. 45%   B. 55%   C. 10%   D. 11

8. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले कुन प्रकारको वित्तीय संस्थालाई गाभ्ने गाभिने वा प्राप्तिका लागि रोक लगाएको छ ?

A. वाणिज्य बैंक   B. पूर्वाधिकार विकास बैंक
C. वित्त कम्पनी   •D. लघु वित्त वित्तीय संस्था

According to the Bank and Financial Institution Act, 2073. Which type of financial institutions is not entitled for merger and qcquisition ?

A. Commercial Banks   B. Infrastructures Development Bank
C. Finance Companies   D. Micro Credit Financial Institutions

9. बैंक तथा वित्तीय संस्थाले कुल जारी पूँजीको कति प्रतिशत शेयर सर्वसाधारणलाई विक्रीका लागि छुट्याउनु पर्दछ ?

A. १०   B. २०   • C. ३०   D. ४०

What Percentage of share of total issued capital must e allocate for sale to public by bank and financial institutions ?

A. 10   B. 20   C. 30   D. 40

10. बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको लगातारका दुई बैठकहरुको फरक ........ दिनभन्दा बढी हुनुहुँदैन ?

A. ३०   B. ४५   • C. ६०   D. १५

The difference of two continuous meeting of Board of Directors of bank and financial institution must not be more than ........ days.

A. 30   B. 45   C. 60   D. 15

11. नेपाल राष्ट्र बैंक ऐन २०५८ अनुसार नेपाल सरकार र राष्ट्र बैंक बीच सम्बन्ध स्थापित गर्ने निकाय कुन हो ?

A. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय   • B. अर्थ मन्त्रालय
C. राष्ट्रिय योजना आयोग   D. माथिको कुनै होइन

According to Nepal Rastra Bank Bank Act, 2058. Which is the agency to establish relation between Nepal Government and Nepal Rastra Bank ?

A. Office of Prime Minister and Council of Ministers
B. Ministry of Finance
C. National Planning Commission
D. None of the above

CamScanner

12. नेपालको संविधान बमोजिम तलका मध्ये कुन चाहिँ प्रदेशको अधिकार हो ?

A. गुठी व्यवस्थापन B. केन्द्रीय तथ्याङ्क C. स्वास्थ्यनीति D. बौद्धिक सम्पत्ति

According to the Constitution of Nepal, Which amongs the following is the authorith of a province ?

A. Trust Management B. Central Statistics
C. Health Policy D. Intellectual Property

13. नेपालको संविधानको कुन धारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ ?

A. २३८ B. २४० C. २५० D. २५५

In which article of the Constitution on Nepal has the provision of commission for the Investigation of Abuse of Authority ?

A. 238 B. 240 C. 250 D. 255

14. पन्ध्रौं योजना अन्तयमा गरिवीको रेखामुनि रहेको जनसंख्या ....... पुऱ्याउने लक्ष्य रहेको छ ।

A. १५% B. १४% C. १३% D. १२%

The targe of population elow poverty line at the end of 15th plan is ........

A. 15% B. 14% C. 13% D. 12%

15. नेपालको पहिलो भू-उपग्रहको नाम के हो?

A. नेपालस्याट-१ B. नेपालस्याट C. नेपालीस्याट-१ D. नेपालीस्याट

What is the name of the first satellite of Nepal ?

A. NepalSat-1 B. NepalSat C. NepaliSat-1 D. NepaliSat

16. नेपालमा ATM को कहिले शुरुवात गरियो ?

A. २०६० वैशाख B. २०६० जेठ C. २०६१ वैशाख D. २०६१ जेठ

When was ATM started in Nepal ?

A. 2060 Baisakh B. 2060 Jestha C. 2061 Baisakh D. 2061 Jestha

17. महाभारत अनुसार अर्जुनको पिता ........ थिए ।

A. धर्मराज B. दुर्वासा C. इन्द्रदेव D. आश्विनी कुमार

According to 'Mahabharat'........ was the father of Arjun.

A. Dharmaraj B. Durbasa
C. Indradev D. Ashwinikumar

18. तलका मध्ये कुनचाहिँ मौद्रिक नीतिको भूमिका होइन ?

A. स्थानीय उद्योगको उत्पादकत्व अभिवृद्धि B. मूल्य स्थिरता
C. वित्तीय संस्थाहरुको सृजना तथा विस्तार D. साख नियन्त्रण

Which among the following is not the role of monetary policy ?

A. Enhance productivity of local industries
B. Price stability
C. Creationb and expansion of financial institutions
D. Credit Control

19. विश्व व्यापार संगठनको मुख्यालय कहाँ छ ?

A. लण्डन B. पेरिस C. जेनेभा D. न्यूयोर्क

Where is the headquarter of World Trade Organization ?

A. Landon B. Paris C. Geneva D. New York

20. नेपालको राष्ट्रिय गान सयौं थुङ्गा फूलका हामी .......... का संगीतकार को हुन् ?

A. अम्बर गुरुङ B. गणेश रसिक C. शम्भुजित बाँस्कोटा D. शक्ति वल्लभ

Who is the musician of National Anthem of Nepal Sayaun Thunga Phoolka hami ......?

A. Amber Gurung B. Ganesh Rasik
C. Sambhujeet Baskota D. Shakti Vallabh

CamScanner

21. नेपालमा सर्वप्रथमः जलविद्युत कहिले उत्पादन गरिएको थियो ?

A. वि.सं. १९६८ B. वि.सं. १९६९ C. वि.सं. १९७० D. वि.सं. १९७१

When was the hydroelectricity produce for the first time in Nepal ?

A. 1968 BS B. 1969 BS C. 1970 BS D. 1971 BS

22. राणा प्रधानमन्त्री ......... ले नेपालमा महिला शिक्षाको थालनी गरेका थिए ।

A. वीर शमशेर B. चन्द्र शमशेर C. पद्म शमशेर D. देश शमशेर

Rana Prime Minister ......... had initiated the women education in Nepal.

A. Bir Samsher B. Chandra Samsher

C. Padam Samsher D. Dev Samsher

23. "The 2020 ICC Men's T20 World Cup" कुन देशमा आयोजना हुँदैछ ?

A. इँग्ल्याण्ड B. श्रीलंका C. इण्डिया D. अष्ट्रेलिया

In Which country is the 2020 ICC Men's T20 World Cup going to be held ?

A. England B. Sri Lanka C. India D. Australia

24. विश्वको दोस्रो अग्लो हिमाल K2 कुन देशमा पर्दछ ?

A. भारत B. पाकिस्तान C. अफगानिस्तान D. चीन

In which country does the world's second highest mountain K2 lie ?

A. India B. Pakistan C. Afghanistan D. China

25. नेपालमा योजनाबद्ध विकास रणनीति प्रधानमन्त्री ........... को पालादेखि प्रारम्भ गरियो ।

A. मातृका प्र. कोइराला B. वि.पी. कोइराला C. डा. के. आई. सिंह D. टंक प्र. आचार्य

In Nepal, the planed development strategy was sarted since he tenure of Prime Minister ..........

A. Matrika Pr. Koirala B. B.P. Koirala

C. Dr. K.I. Singh D. Tank Pr. Acharya

CamScanner

लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौथो, लेखापाल पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६/१०/०४

पत्र: प्रथम

समय: १ घण्टा ३५ मिनेट

पूर्णाङ्क : १००

विषय: सामान्य ज्ञान, कानून तथा आर्थिक सम्बन्धी

खण्ड : 'ख' विषयगत

समय : १ घण्टा १५ मिनेट

१. नेपाल जस्तो आर्थिक पिवकासका लागि बैंक तथा वित्तीय संस्थाहरुले पुऱ्याएको योगदानको बारेमा लेख्नुहोस् । १०

Write about the Contributions made by Bank and Financial Institutions for the economic development of a country like Nepal.

२. तलका विषयमा लेख्नुहोस् । १०

A. बैंक तथा वित्तीय संस्थाहरुमा मर्जरको आवश्यकता

B. नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूंजी कोषको गणना

Write on the following

A. Need of Merger in bank and financial Institutions

B. Capital Fund calculation as per Nepal Rastra Bank directives

३. निक्षेप सेवा तथा सुरक्षणको बारेमा वर्णन गर्दै बैंक तथा वित्तीय संस्था ऐन २०७३ अनुसार कर्जा प्रवाह र कर्जा असूली व्यवथापन सम्बन्धी भएका प्रावधानहरु उल्लेख गर्नुहोस् । ४+६=१०

Describing about the deposits service and gurante, state about the provisions of credit flow and credit recovery management as per the Bank and Financial Institution act 2073.

४. वित्तीय विवरणको महत्व लेख्नुहोस् । वित्तीय विवरणमा समावेश गरिने शीर्षकहरु वर्णन गर्नुहोस् । १०

Write the importance of Financial Statement. Describe the items to be included in a financial statement.

५. मागको लचलकता कसरी मापन गरिन्छ । उदाहरणसहित स्पष्ट पार्नुहोस् । यसको महत्व पनि लेख्नुहोस् । १०

How is the elasticity of demand measured? Clarify with examples also, write its importance.

CamScanner

लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौथो, लेखापाल पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६/१०/०४

पत्र: द्वितीय

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क : १००

विषय: सेवा सम्बन्धी

---

**खण्ड : 'क'**

१. बैंक जमानत भन्नाले के बुझिन्छ ? यसको महत्व वर्णन गर्नुहोस् । ५
What is ment by Bank Guarante? Describe its Importance.

२. Core Banking System (CBS) का म्बभावित जोखिमहरु उल्लेख गर्नुहोस् । ५
Mention the protential Risks of Core Banking System (CBS)

३. तल दिइएका विषयमा संक्षेपमा लेख्नुहोस् । २.५+२.५=५
A. सम्बद्ध जोखिमहरु
B. सूचना प्रविधिका प्रमुख चुनौतिहरु
Write on Brief on the Subjects given below.
A. Related treats
B. Major challenges of Information Technology.

४. १५ वटा कुर्सी र ३ वटा टेवलको जम्मा मूल्य रु १५०० ।- पर्दछ । यदि १० वटा कुर्सी र २ वटा टेवलको मूल्य बराबर छ भने ४ वटा टेवलको मूल्य पत्ता लगाउनुहोस् । ५
The Total Cost of 15 chairs and 3 thales in Rs 1500. If the cost of 10 chairs and 2 tables is equal, find out of the cost of 4 tables.

५. विद्युतीय अभिलेख व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरुको सूची बनाउनुहोस् । ५
Prepare a list of essential infrastuctures for Electronic Record Management.

६. संस्थागत सुशासन भन्नाले के बुझिन्छ ? यसका आधारभूत तत्वहरु लेख्नुहोस् । ५
What do you understand by Corporate Governance? Write its basic elements.

७. उत्प्रेरणाका आधुनिक सिद्धान्तहरु के के हुन् ? यिनीहरु मध्ये कुन सिद्धान्त बढी नेपालको बैकिङ्क क्षेत्रका लागि उपयुक्त हुन्छ । ७+३=१०
What are the modern theories of motivation? Among these, which theory is suitable for Nepalese banking sector? Elaborae.

८. संगठनमा कार्यसम्पादन मूल्याङ्कनको बहुआयमिक उपयोगबारे प्रकाश पार्दै कार्यसम्पादन मूल्याङ्कनलाई अझै प्रभावकारी बनाउन उपयुक्त सुझाव दिनुहोस् । ५+५=१०
Highlighting about the multidimensional use of performance appraisal in are organization, suggest to make the performance appraisal further effective.

**खण्ड : 'ख'**

९. हामीलाई नगद किन आवश्यक पर्दछ ? नगद कारोवारमा जोखिमहरु के के हुन्छन् ? ५
Why do we need cash? What the risks on cash rranactions?

१०. चेकको परिभाषा दिनुहोस् । विशेषताहरुसहित यसका प्रकारहरु लेख्नुहोस् । ५
Define Cheque. Write down its type with features.

११. फरक छुट्याउनुहोस् । २.५+२.५=५
A) कल खाता र चालु खाता
B) बचत खाता र मुद्दति खाता
Differentiate
A) Call Account and Current Account
B) Saving Account and Fixed Deposit Account

CamScanner

विप्रेषण भनेको के हो ? नेपालको अर्थतन्त्रमा यसको योगदान लेख्नुहोस् । ५
What is Remittance? Write its contribution in Nepalese Economy

बैंक तथा वित्तीय संस्थालाई हुने कर्जा जोखिमको बारेमा छोटकरीमा लेख्नुहोस् । ५
Write in short about Credit Risk that exists in Bank and Financial Institutions.

कृषि विकास बैंकका वर्तमा चुनौतीहरु वर्णन गर्नुहोस् । ५
Describe he current challenges of Agriculture Devlopment Bank

बैंकिङ्ग क्षेत्रमा कोषमा आधारित तथा गैह्र कोषमा आधारित भनेको के हो ? भिन्नतासहित व्याख्या गर्नुहोस् । १०
What is Fund based and Non fund based transactions in banking sector? Explain with differences.

कृषि विकास बैंकको परिचय दिनुहोस् । यसको कार्यप्रकृति र कारोबारको अवस्था पनि बताउनुहोस् । १०
Give an introduction of Agriculture Development Bank, Also, state its work naure and the situation of transactions.

CamScanner

**लोक सेवा आयोग**
**कृषि विकास बैंक लिमिटेड**
**सहायक स्तर (लेखापाल) तह – ४**
**२०७४/१०/१९**

**पत्र: प्रथम**
**समय: ३ घण्टा**

**पूर्णाङ्क : १००**

## विषयः बैंकिङ्ग, कानून, लेखा र आर्थिक विकास सम्बन्धी

### खण्ड : 'क'

१. नेपालको आर्थिक विकासमा वाणिज्य बैंकहरुले पुऱ्याएको योगदान र वाणिज्य बैंकहरुले सामना गर्नु परिरहेको चुनौतीको लेख्नुहोस् । ५+५=१०

२. नेपाल राष्ट्र बैंक ऐन अनुसार नेपाल बैंकको प्रमुख काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । १०

३. कृषि विकास बैंकको मुख्य स्रोतको रुपा रहेको Non Fund Business अन्तर्गत Remittance Business (विप्रेषण व्यापार) लाई अझ बढी प्रभावकारी रुपमा अगाडि बढाउन ग्रामीण तथा शहरी क्षेत्रको वर्गीकरणको आधारमा के कस्तो कार्य गर्नुपर्ला ? उल्लेख गर्नुहोस् । १०

४. बैंकले लगानी गर्दा कम जोखिम हुने गरी लगानी गर्नुपर्ने हुन्छ । गुणस्तरीय कर्जा लगानीका लागि परियोजना (Project) को छनौटको आधार र लगानी गर्नुपूर्व अपनाउनुपर्ने सतर्कता बारेमा लेख्नुहोस् । ५+५=१०

५. आधुनिक बैकिङ्ग (Reconciliantion) भन्नाले के बुझिन्छ ? Internet Banking र Online Banking को बारेमा लेख्नुहोस् । ५+५=१०

### खण्ड 'ख'

६. हिसाब भिडान (Reconciliation) को परिचय दिनुहोस् । हिसाब भिडान नगर्दा कस्तो असर पर्दछ ? ५+५=१०

७. मौद्रिक नीति भनेको के हो ? मौद्रिक नीतिले कुन कुन क्षेत्रलाई समेट्छ ? लेख्नुहोस् । ३+७=१०

८. ग्रामीण आर्थिक विकासको मेरुदण्ड र सम्भावनाको क्षेत्र कृषि भएको हुँदा कृषि क्षेत्रको विकास र कृषिलाई आय आर्जनको मुख्य स्रोत बनाउन र प्रवर्द्धन गर्नको लागि कृषि विकास बैंकको भूमिका र महत्व के हुन सक्दछ ? व्याख्या गर्नुहोस् । १०

९. वित्तीय विवरण (Financial Statement) को परिभाषा दिँदै यसका फाइदाहरु छोटकरीमा लेख्नुहोस् । वित्तीय विवरणहरु के कसरी प्रयोग गरिन्छ ? उल्लेख गर्नुहोस् । २+४+४=१०

१०. आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षणको परिभाषा दिनुहोस् । संगठनमा आन्तरिक लेखापरीक्षणको महत्वको बारेमा लेख्नुहोस् । १०

लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड

सहायक स्तर (लेखापाल) तह - ४

२०७४/१०/२०

द्वितीय

३ घण्टा

पूर्णाङ्क : १००

विषय: सेवा सम्बन्धी

*प्रश्नहरूको उत्तर दिनुहोस् । भाषाको माध्यम अङ्ग्रेजी वा नेपाली दुवै हुनेछ ।*

**खण्ड : 'क'**

१. व्यवस्थापन सांयोगिक सिद्धान्त (Contingency Theory) भनेको के हो ? नेपालको बैंकिङ्ग व्यवसाय संचालन यो सिद्धान्तको कस्तो महत्व रहेको छ ? लेख्नुहोस् । ५+५=१०

२. कार्यालयको कामकार्य छिटो र सेवाग्राहीमैत्री बनाउन कार्यलयको सजावट र संरचना (Layout) कस्तो हुनुपर्दछ ? कार्यालयमा अभिलेख व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने विषयहरु के के हुन् ? प्रष्ट पार्नुहोस । ५+५=१०

३. जशक्ति व्यवस्थापनको सन्दर्भमा तालीमको महत्वमाथि प्रकाश पार्दै हाल नेपालको बैंकिङ्ग प्रणालीमा तालीमा सम्बन्धी समस्याहरु के के रहेका छन् ? लेख्नुहोस् । ५+५=१०

४. श्यामले २ वटा मोबाइलहरु रु १२००० का दरले बेचेछ । पहिले मोबाइल बेच्दा २० प्रतिशत नाफा भएछ भने दोस्रो मोबाइल बेच्दा ३० प्रतिशत घाटा भएछ उसलाई कुनै मोबाइल बेच्दा कति खुद नाफा वा नोक्सान भयो ? पत्ता लगाउनुहोस । १०

५. वार्षिक २४% ब्याजदरले कुनै धनराशीको वार्षिक चक्रीय ब्याज (Compound Interest) र अर्धवार्षिक चक्रीय ब्याज (Half-yearly compound interest) को अन्तर रु ५० हुन्छ भने सो धनराशी पत्ता लगाउनहोस् । १०

**खण्ड 'ख'**

६. विप्रेषणको परिचय दिनुहोस् । हाल नेपालको विप्रेषणको प्रवृत्ति उल्लेख गर्दै यसले नेपालको आर्थिक सामाजिक पक्षमा पारेको प्रभाव उल्लेख गर्नुहोस् । १०

७. गैरकोषमा आधारित सुविधा भन्नाले के बुझिन्छ ? उदाहरणसहित लेख्नुहोस् । यस्ता सुविधा प्रदान गर्दा हुने जोखिम व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई के कस्ता निर्देशन जारी गरेको छ ? उल्लेख गर्नुहोस् । ४+६

८. संस्थागत सुशासनका तत्वहरु लेख्नुहोस् । वित्तीय संस्थामा संस्थागत सुशासनमा भएका व्यवस्थाहरु बुंदागत रुपमा उल्लेख गर्नुहोस् । ४+६=१०

९. छोटकरीमा टिप्पणी गर्नुहोस् । ४+६=१०

क) Base Reate गणना विधि

ख) वाणिज्य बैंकको Capital Adequacy Ratio

१०. Email तथा Internet ले कार्यालयको काममा के कस्ता सहयोग पुर्‍याउन सक्छ ? उल्लेख गर्नुहोस् । १०

CamScanner

**लोक सेवा आयोग**
**कृषि विकास बैक लिमिटेड**
**सहायक स्तर (लेखापाल) तह - ४**
**२०७२/११/२९**

**पत्रः प्रथम**
**समयः २ घण्टा ३० घण्टा** **पूर्णाङ्क : १००**

**विषयः सामान्यज्ञान र बैकिङ्ग**

*प्रश्नको उत्तर दिदा नेपालीमा वा अङ्ग्रेजी माध्यमबाट दिन सकिने छ । सामान्य ज्ञानको उत्तर दिंदा बेठीक भएमा प्राप्ताङ्कबाट कट्टा गरिने छैन ।*

**खण्डः 'क'**

**तलका वस्तुगत प्रश्नहरुको उत्तर दिनुहोस् ।** **१×२०=२०**

१. १२ औं साफ खेलमा पहिलो स्वर्ण पदक जित्ने नेपाली खेलाडीको नाम के हो ?
२. जिका भाइरस लाग्ने लामखुट्टे कुन प्रजातिको हो ?
३. लिच्छवीकालमा मन्त्रीपदलाई के भनिन्थ्यो ?
४. नेपालको संविधान २०७२ अनुसार संघीय नेपालको प्रदेश नं. ३ मा जिल्लाहरुको सङ्ख्याकति छ ?
५. अफगानिसनले सार्कको कति औं शिखर सम्मेलनबाट सदस्यता पाएको हो ?
६. आगामी ई.सं. २०२२ मा विश्वकप फुटक कुन देशमा खोलिने भएको छ ?
७. नेपाल राष्ट्र बैंकको गर्भन नियुक्ति कसले गर्दछ ?
८. कृषि विकास बैंकको गभर्नर नियुक्ति कसले गर्दछ ?
९. भुटानको केन्द्रीय बैंकको नाम के हो ?
१०. नेपालको वर्तमान संविधान कहिले जारी भएको हो ?
११. मध्यपश्चिमाञ्चल विकास क्षेत्रभित्र पर्ने जिल्लाको सङ्ख्या कति हो ?
१२. सार्कका प्रथम महासचिव कुन देशका थिए ?
१३. टान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदनमा हाल नेपाल कति औं स्थानमा छ ?
१४. नेपालको वर्तमान संविधान कति भाग छन् ?
१५. चालु आर्थिक वर्षमा दम्पतिलाई लाग्ने पारिश्रमिक आयमा छूट सीमा रकम कति तोकिएको छ ?
१६. चालु आर्थिक वर्षमा दम्त्तिलाई लाग्ने पारिश्रमिक आयमा छूट सीमा रकम कति तोकिएको छ ?
१७. मंगलग्रहमा पानी छ भनैर पत्ता लगाउने नेपाली वैज्ञानिकहरुको नाम के हो ?
१८. इतिहास शिरोमणी कसको उपनाम हो ?
१९. नेपाल WTO को कति औं सदस्य राष्ट्र हो ?
२०. कृषि विकास बैंकको सम्पर्क मन्त्रालय कुन हो ?

**खण्ड 'ख'**

**तलको प्रश्नहरुको छोटे उत्तर दिनुहोस् ।** **१२×५=६०**

१. कृषि विकास बैंकको पूँजी संरचनाबारे उल्लेख गर्नुहोस् ।
२. कृषि विकास बैंकको कर्जा असुली सम्बन्धमा आफ्नो राय प्रस्तुत गर्नुहोस् ।
३. कृषि विकास बैंकको उद्देश्य तथा कार्यहरुको सम्बन्धमा छोटकरीमा प्रकाश पार्नुहोस् ।
४. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार के कस्तो अवस्थामा सम्पत्ति शुद्धीकरण गरेको मानिने छ ?
५. कृषि विकास बैंकको विकासक्रम छोटकरीमा लेख्नुहोस् ।

CamScanner

काउन्टर व्यवस्थापन भनेको के हो ? यसमा ध्यान दिनु पर्ने कुराहरु के के हुन् ?

क) ATM

ख) Core Banking System

नेपालको बैंकिङ्ग व्यवसायका मुख्य-मुख्य जोखिमहरु के के रहेका छन् ?

एउटा व्यापारीले ५० के जी तौल भएको एक टोकरी गोलभेडा रु ४०० मा किन्यो । उक्त गोलभेडा मध्ये ४ के.जी. कुहेर गएछ । बाँकी गोलभेडा रु. मध्ये ४ के. जी कुहेर गएछ । बाँकी गोलभेडा रु ४५० मा बिक्री गर्दा नाफा नोक्सान कति भएछ ? प्रतिशत समेत निकाल्नुहोस् ।

रु ८,५०० साँवाको २ वर्षपछि ५ प्रतिशत वार्षिक चक्रिय ब्याजको हिसाबले चक्रिय मिश्रधन पत्ता लगाउनुहोस् ।

कम्पनीको वार्षिक नाफा रु ४८ लाखमध्ये २५ प्रतिशत बोनस कम्पनीमा कार्यरत १६० जना कर्मचारीलाई बाड्ने निर्णय गरियो ? प्रत्येक कर्मचारीले कति बोनस प्राप्त गर्लान् ?

दुई प्रकारको तेलको मूल्य रु ९० प्रति लिटर र रु ११० प्रति लिटरलाई ३:२ मिश्रण अनुपातमा मिसाउँदा अब प्रति लिटर मिश्रणको मूल्य (Cost of the mixture per litre) कति बन्छ ?

## खण्ड 'ग'

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् ।** **२×२०=४०**

कृषि विकास बैंकबाट संचालन गरिएको के कस्ता कार्यक्रमले कसरी गरिबी निवारणमा मद्दत पुर्‍याएका छन् ?

निक्षेप संकलन, लगानी तथा नगद व्यवस्थापन सम्बन्धमा नेपालका बैंकहरुले के कस्तो कार्य गरेको पाउनुहुन्छ ? समिक्षा प्रस्तुत गर्नुहोस् ।

**लोक सेवा आयोग**

**कृषि विकास बैंक लिमिटेड**

**सहायक स्तर (लेखापाल) तह – ४**

**२०७२/११/३०**

**पत्र: प्रथम**

**समय: ३ घण्टा** | **पूर्णाङ्क : १००**

**विषय: सेवा सम्बन्धी**

*प्रश्नको उत्तर दिदा नेपालीमा वा अङ्ग्रेजी माध्यमबाट दिन सकिने छ । सामान्य ज्ञानको उत्तर दिँदा बेठीक भएमा प्राप्ताङ्कबाट कट्टा गरिने छैन ।*

**खण्ड : 'क'**

**तलका वस्तुगत प्रश्नहरुको उत्तर दिनुहोस् ।** **(१०×५)**

१. दर्ता भनेको के हो , दर्ता गर्ने कार्यमा खटिने कर्मचारीले ध्यान दिनुपर्ने विषयहरु के के हुन् उल्लेख गर्नुहोस् । २+३=५

२. जिन्सी सामानको व्यवस्थापन भन्नाले के बुझिन्छ ? कार्यालयमा यो किन महत्वपूर्ण हुन्छ ? ५

३. दोहोरो लेखाप्रणाली (Double Engry Book Keeping System) भनेको के हो ? यसको मुख्य विशेषताहरु उल्लेख गर्नुहोस् । ३+२=५

४. नाफा नोक्सान हिसाब (Profit and Loss Account) कसरी तयार गरिन्छ ? नमुना तयार गर्नुहोस् । ५

५. मुद्रास्फुतिले अर्थतन्त्रमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका बारेमा उल्लेख गर्नुहोस् । ५

६. कृषि विकास बैंकले ग्राहक समबन्ध व्यवस्थापन (Customer Relationship Management) मा गरेको प्रयासहरुको छोटकरीमा चर्चा गर्नुहोस् । ५

७. समग्र संगठन नेतृत्वका बारेमा प्रकाश पार्दै सफल नेतृत्वका लागि आवश्यक पर्ने गुणहरु के के हुन् ? लेख्नुहोस् । २+३=५

८. कम्प्युटरमा Secoundary Storange Device भन्नाले के बुझिन्छ ? Software का फाइदाहरु के के हुन् ? ५

९. Handware र Software भन्नाले के बुझिन्छ ? Software का फाइदाहरु के के हुन् ? २.५+२.५=५

१०. बैंकिङ्क क्षेत्रमा कम्प्युटरको प्रयोग र यसको महत्वका बारेमा चर्चा गर्नुहोस् । २.५+२.५=५

**खण्ड 'ख'**

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् ।** **(५×१०=५०)**

१. पन्जिका भनेको के हो ? कार्यालयमा यसको महत्व किन हुन्छ ? साथै यसको अभावमा कार्यालयमा के कस्तो प्रभाव पर्छ ? उल्लेख गर्नुहोस् । १०

२. वासलात (Balance Sheet) भनेको के हो ? वासलातमा दायित्व र सम्पत्ति अन्तर्गत के कस्ता विषयहरु उल्लेख गर्नुपर्छ ? नमुना प्रस्तुत गर्नुहोस् । १०

३. उत्प्रेरणा (Motivation) भनेको के हो ? कृषि विकास बैंकले आफ्ना कर्मचारीको प्रभावकारी उपयोगका लागि उपलब्ध गराएका उत्प्रेरणाको उपायहरुका बारेमा उल्लेख गर्नुहोस् । ३+७=१०

४. नागरिक वडापत्र (Citize Charter) मा उल्लेख गर्नुपर्ने मुख्य मुख्य विषयहरु के के हुन् ? जनसम्पर्कलाई प्रभावकारी व्यवस्थापन गर्ने कार्यमा नागरिक वडापत्रको महत्वको बारेमा प्रकाश पार्नुहोस् । ६+४=१०

५. कूल राष्ट्रिय उत्पादन (Gross National Produce) को परिभाषा दिँदै यो मापन गर्ने तरिकाका बारेमा उल्लेख गर्नुहोस् । १०

CamScanner

लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड

सहायक स्तर (लेखापाल) तह - ४

२०७१/१२/७

पत्र: द्वितीय

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: सेवा सम्बन्धी

प्रश्नको उत्तर दिदा नेपालीमा वा अङ्ग्रेजी माध्यमबाट दिन सकिने छ । सामान्य ज्ञानको उत्तर दिंदा बेठीक भएमा प्राप्ताङ्गबाट कट्टा गरिने छैन ।

**खण्ड : 'क'**

